# कोशी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
लौकही, सुनसरी
कोशी प्रदेश, नेपाल

पत्र संख्याः ०८१/८२
चलानी नं ४३८

मितिः २०८१/०४/१३

श्री सामुदायिक तथा धार्मिक विद्यालयहरु सबै,
कोशी गाउँपालिका, सुनसरी ।

**विषयः प्रथम त्रैमासिक तलबी माग फाराम सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस गाउँपालिका अन्तर्गत संचालित सामुदायिक विद्यालयहरूले मिति २०८१/०५/२७ र २८ गते तपशिलका कागजात सहित आ.व. २०८१/०८२ को श्रावण देखि असोजसम्मको तलब र चाडपर्व खर्च माग गर्नु हुन अनुरोध छ ।

**तपशिलः**

१. शैक्षिक सत्र २०८१ को अद्यावधिक विद्यालय सुधार योजना,
२. प्र.अ.को विद्यालय विकास प्रस्ताव,
३. आ.व. २०७९/०८० को सामाजिक परीक्षण,
४. आ.व. २०७९/०८० सम्मको लेखापरीक्षण,
५. आ.व. २०८०/०८१ मा गाउँपालिकाबाट विद्यालयहरुमा निकासा भएको सम्पूर्ण अनुदान रकमहरुको बिल तथा भर्पाईहरु,
६. शैक्षिक सत्र २०८१ मा भर्ना भइ अध्ययनरत विद्यार्थीहरुको यथार्थ विवरणमा फरक नपर्नेगरी नामनामेसी सहित प्र.अ. र वि.व्य.स. अध्यक्षबाट प्रमाणित कक्षागत विद्यार्थी विवरण,
७. विद्यालयहरुमा कार्यरत अस्थायी करार तथा गाउँपालिका अनुदान शिक्षकहरुको नियमानुसार म्याद थपको निर्णय सहितको विद्यालयको पत्र,
८. आधारभूत तह, माध्यमिक तह, विद्यालय कर्मचारी र बालविकास सहजकर्ता र गाउँपालिका शिक्षकको छुट्टाछुट्टै माग फारम,
९. सम्बन्धित शिक्षकको हाजिरीको प्रमाणित प्रतिलिपि,
१०. ना.ल. कोष, सञ्चयकोष तथा सा.सु. कर बुझाएको भौचरको प्रतिलिपि,
११. विद्यालयले पेश गरेको कागजातहरुको समष्टिगत विवरण सहितको विद्यालयको कभर लेटर।

नोटः माथिका विवरण प्राप्त नभएमा विद्यालयको रकम निकासा नहुने व्यहोरा जानकारी गराइन्छ ।

...........................
बेदराज अधिकारी
शिक्षा शाखा प्रमुख

**बोधार्थः**
श्री सूचना तथा प्रविधि शाखाः फेसबुक तथा वेवसाइटमा अपलोड गरि दिनुहुन ।